२०६५ साल पुस २३ गते रोज ४ का दिन २०.०० बजे प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारमा बसेको मन्त्रिपरिषद्को बैठकको निर्णय –

१. संयुक्तराज्य अमेरिका सरकारले नेपालको कानून कार्यान्वयन गर्ने कार्यमा संलग्न निकायहरुको कार्य क्षमता अभिवृद्धि गर्न उपलब्ध गराउने अनुदान सहयोग स्वीकार गर्ने विषयको अर्थ मन्त्रालयको नं. २।११०-०६५।९।१८ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

२. एशियाली विकास बैंकले गोरखकाली रवर उद्योग लि. मा गरेको शेयर तथा ऋण लगानी विक्री गर्ने विषयको अर्थ मन्त्रालयको नं. २।११३-०६५।९।२० को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

३. वरिष्ठ आर्थिक सल्लाहकारको सेवा सुविधा विषयको अर्थ मन्त्रालयको नं. २।११२-०६५।९।२० को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

४. जापानको सद्भावना भ्रमणमा पठाउने (मा. अर्थ मन्त्रीको नेतृत्वमा) विषयको अर्थ मन्त्रालयको नं. २।११४-०६५।९।२१ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

५. The International Green Week, Berlin मा सहभागी हुने (मा.मन्त्रीले) विषयको कृषि तथा सहकारी मन्त्रालयको नं. ५।३१-०६५।९।२३ को प्रस्ताव - प्रस्तावको प्रकरण ४ “निर्णय हुनुपर्ने व्यहोरा” अन्तर्गत प्रस्तावित व्यहोराको सट्टा देहायबमोजिम गर्ने -
मानननीय कृषि तथा सहकारी मन्त्रीलाई १६-२५ जनवरी २००९ सम्म जर्मनीको वर्लिनमा आयोजना हुने The International Green Week, Berlin कार्यक्रममा सहभागी हुन पठाउने ।

६. रा.अ.वि.का अनुसन्धान निर्देशक अशोकदेव भट्टलाई अतिरिक्त मुख्य अनुसन्धान निर्देशकमा बढुवा गर्ने विषयको गृह मन्त्रालयको नं. ६।१६६-०६५।८।१६ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

७. स्व. प्रदीपकुमार खड्काको पीडित परिवारलाई आर्थिक सहायता उपलब्ध गराउने विषयको गृह मन्त्रालयको नं. ६।१९६-०६५।९।१८ को प्रस्ताव - स्व. प्रदीपकुमार खड्काको पीडित परिवारलाई पाँच लाख रुपैयाँ आर्थिक सहायता उपलब्ध गराउने गरी अरु प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

८. निजामती कर्मचारी शहीद घोषणा गर्ने (स्व.कुमार निरौलालाई) विषयको गृह मन्त्रालयको नं. ६।१९७-०६५।९।१८ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

९. शिक्षक शहीद घोषणा गर्ने (स्व. विन्देश्वर महतोलाई) विषयको गृह मन्त्रालयको नं. ६।१९९-०६५।९।१८ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

१०. आर्थिक सहायता उपलब्ध गराउने (स्व.बाबुछिरी शेर्पाको परिवारलाई) विषयको पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको नं. ८क।१४-०६५।९।२० को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

११. नेपाल र श्रीलंकाबीच हवाई सेवा सम्झौता वार्ता गर्ने विषयको पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको नं. ८क।१५-०६५।९।२० को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

१२. लिखत पारित गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुर छुट दिने (Swiss Agency for Development and Co-operation लाई) विषयको भूमिसुधार तथा व्यवस्था मन्त्रालयको नं. ९।२९-०६५।९।१६ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

१३. लिखत पारित गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुर छुट दिने (अखिल नेपाल ट्रेड यूनियन महासंघलाई) विषयको भूमिसुधार तथा व्यवस्था मन्त्रालयको नं. ९।३२-०६५।९।१६ को प्रस्ताव - नेपाल सरकारबाट मान्यता प्राप्त ट्रेड युनियनहरुले केन्द्रीय कार्यालयको प्रयोजनका लागि जग्गा खरिद गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुर छुट दिने सिद्धान्त स्वीकृत गर्ने गरी अरु प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

१४. डिजिटल टोपोग्राफिकल डाटा तथा डिजिटल अर्थोफोटोको डाटा मूल्य कायम गर्ने विषयको भूमिसुधार तथा व्यवस्था मन्त्रालयको नं. ९।३३-०६५।९।१६ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

१५. वाग्मती सभ्यता एकीकृत विकास परिषद् ऐन, २०६५ तर्जुमा गर्न सैद्धान्तिक स्वीकृति दिने विषयको भौतिक योजना तथा निर्माण मन्त्रालयको नं. १०।४५-०६५।९।२२ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

१६. राष्ट्रपति रनिङ शील्ड नामाकरण गर्ने विषयको युवा तथा खेलकूद मन्त्रालयको नं.११का२-०६५।९।२० को प्रस्ताव - प्रस्तावको विभिन्न ठाउँमा रहेको 'नामाकरण' भन्ने शब्दको सट्टा 'नामकरण' भन्ने शब्द राखी अरु प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

१७. जडीबुटी उत्पादन तथा प्रशोधन कम्पनी लिमिटेडको स्वामित्वमा रहेको जग्गा सम्बन्धी विषयको वन तथा भू-संरक्षण मन्त्रालयको नं. १३।३६-०६५।९।२२ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

१८. New York International Gift Show मा भाग लिने (मा. मन्त्रीको नेतृत्वमा) विषयको वाणिज्य तथा आपूर्ति मन्त्रालयको नं. १३का२१-०६५।९।१६ को प्रस्ताव - प्रस्तावको प्रकरण ४ "निर्णय हुनुपर्ने व्यहोरा" मा देहायबमोजिम मिलाई अरु प्रस्तावमा लेखिएबमोजिम गर्ने -

माननीय वाणिज्य तथा आपूर्ति मन्त्रीलाई २५ जनवरी २००९ देखि २ फेब्रुअरी २००९ सम्म संयुक्तराज्य अमेरिका र बेल्जियमको भ्रमणमा पठाउने ।

१९. Energy Independence with Global Cooperation: Challenges and Solutions सम्बन्धी विशेष मन्त्रिस्तरीय सम्मेलनमा भाग लिने (मा. मन्त्रीले) विषयको वाणिज्य तथा आपूर्ति मन्त्रालयको नं. १३का२०-०६५।९।१६ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

२०. वादी समुदायलाई यौन शोषणमुक्त घोषणा गर्ने विषयको शान्ति तथा पुनर्निर्माण मन्त्रालयको नं. १५।४८-०६५।९।२१ को प्रस्ताव - वादी समुदायका व्यक्तिहरुको आत्मसम्मानको रक्षा सहित आय आर्जन र व्यवस्थित पुनःस्थापन गर्ने कार्य सम्बन्धित मन्त्रालयहरुले गर्ने गरी अरु प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

२१. रकम निकासा (आतिथ्य सत्कारको लागि) विषयको श्रम तथा यातायात व्यवस्था मन्त्रालयको नं. १७।३२-०६५।९।१८ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

२२. माघे संक्रान्तिलाई मगर जातिको राष्ट्रिय पर्वको मान्यता दिने विषयको संस्कृति तथा राज्य पुनःसंरचना मन्त्रालयको नं. २०।४०-०६५।९।२१ को प्रस्ताव - प्रस्तावको प्रकरण ४ "निर्णय हुनुपर्ने व्यहोरा" मा रहेको 'माघे संक्रान्तिलाई मगर' भन्ने व्यहोरको सट्टा ''माघे संक्रान्तिलाई थारु र मगर' भन्ने व्यहोरा राखी अरु प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

२३. फोहरमैला व्यवस्थापन गर्न बनेको विधेयक, २०६५ तर्जुमा गर्न सैद्धान्तिक स्वीकृति दिने विषयको स्थानीय विकास मन्त्रालयको नं. २१।२३-०६५।९।२१ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

२४. पाठेघर (आङ) खस्ने समस्याको रोकथाम र शल्यक्रिया सम्बन्धी कार्यविधि-निर्देशिका, २०६५ को मस्यौदा स्वीकृत गर्ने विषयको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको नं. २२।८३-०६५।९।२३ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

२५. मं.प.आ.पु.सं. ७०६५ मिति २०६५।८।२० मा नेपाल सरकारबाट स्वीकृत नेपाल सरकारबाट प्रदान हुने आर्थिक सहायता सम्बन्धी मापदण्ड, २०६५ मा देहायबमोजिम संशोधन गर्ने -

(क) दफा ५. को उपदफा (२) को सट्टा देहायको उपदफा (२) राख्ने -

(२) उपदफा (१) को खण्ड (ग) बमोजिमको आर्थिक सहायता उपलब्ध गराउन रकम निर्धारण गरी निर्णय गर्नका लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले मन्त्रिपरिषद्मा सिफारिश सहितको प्रस्ताव पेश गर्नेछ र यस्तो प्रस्ताव उपर अर्थ मन्त्री, गृह मन्त्री र स्वास्थ्य तथा जनसंख्या मन्त्री रहेको एक समितिले निर्णय गर्नेछ ।

(ख) दफा ७. को उपदफा (५) को सट्टा देहायको उपदफा (५) राख्ने -

(५) उपदफा (१) बमोजिमको आर्थिक सहायता उपलब्ध गराउने सम्बन्धमा उपदफा (४) बमोजिमको समितिको सिफारिशको आधारमा आर्थिक सहायता उपलब्ध गराउने सम्बन्धमा रकम निर्धारण गरी निर्णय गर्न देहायबमोजिमको एक समिति रहनेछ -

| | | | |
|---|---|---|---|
| (क) | स्वास्थ्य तथा जनसंख्या मन्त्री | - | अध्यक्ष |
| (ख) | सचिव, अर्थ मन्त्रालय | - | सदस्य |
| (ग) | सचिव, गृह मन्त्रालय | - | सदस्य |
| (घ) | सचिव, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | - | सदस्य सचिव |

२६. मं.प.रा.नि.सि.स. १०।०६५ मिति २०६५।८।२० को मन्त्रिपरिषद्, राजनैतिक नियुक्ति सिफारिश समितिको बैठकबाट सिफारिश भई आएबमोजिम "अब उप्रान्त जिल्ला अस्पताल विकास समितिहरुमा अध्यक्ष मनोनयन गर्ने अधिकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई प्रत्यायोजन गर्ने ।"

२७. कोशी तटवन्ध भत्किई बाढीद्वारा क्षतिग्रस्त भएको क्षेत्रको स्थायी पुनःस्थापनाका लागि कार्ययोजना बनाउन गृह मन्त्रालयले नेपाल सरकारका सम्बन्धित विशेषज्ञ तथा पीडित परिवारको प्रतिनिधि समावेश भएको एक कार्यदल गठन गरी एक महिना भित्र प्रतिवेदन पेश गर्ने ।

२८. १. मुक्त कमैया पुनर्स्थापन समस्या समाधान आयोग गठन आदेश, २०६५ को दफा ३. को उपदफा (२) को खण्ड (ञ) बमोजिमको सदस्यमा देहायका व्यक्तिहरुलाई तोक्ने -

(क) कैलालीका पशुपति चौधरी (ख) दाङ्गका रामवचन चौधरी

२. मन्त्रिपरिषद्को मिति २०६५।७।९ को निर्णयबमोजिम मन्त्रिपरिषद्, राजनैतिक समितिको मिति २०६५।७।१२ को निर्णयबाट नेपालको अन्तरिम संविधान, २०६३ को धारा १४६. अन्तर्गत गठित विशेष समितिलाई देहायबमोजिम पुनर्गठन गर्ने र विशेष समितिको कार्य क्षेत्रगत शर्तहरु सम्माननीय प्रधानमन्त्रीले संशोधन गर्ने -

(क) गठन -

| | | | |
|---|---|---|---|
| १. | नेपाल कम्यूनिष्ट पार्टी (माओवादी) को प्रतिनिधि दुई | - | सदस्य |
| २. | नेपाल कम्यूनिष्ट पार्टी (एमाले) को प्रतिनिधि दुई | - | सदस्य |
| ३. | नेपाली कांग्रेसको प्रतिनिधि दुई | - | सदस्य |
| ४. | मधेशी जनअधिकार फोरम, नेपालको प्रतिनिधि दुई | - | सदस्य |

(ख) उल्लिखित विशेष समितिको संयोजकमा नेपाल कम्यूनिष्ट पार्टी (माओवादी) को प्रतिनिधि तथा सम्माननीय प्रधानमन्त्री रहनु हुने ।

२९. नेपाल सरकारले दिने सार्वजनिक विदा आगामी वर्ष के कसरी समायोजन गर्नुपर्ने हुन्छ ? यस सम्बन्धमा सचिव बैठकमा छलफल गरी नेपाल सरकारका मुख्य सचिवले प्रतिवेदन पेश गर्ने ।

३०. श्री विश्वनाथ उपाध्याय, काठमाण्डौले संविधान सभाको सदस्य पद ग्रहण गर्न अनिच्छा व्यक्त गरी रिक्त हुन आएको संविधान सभाको सदस्यमा नेपालको अन्तरिम संविधान, २०६३ को धारा ६३ को उपधारा (३) को खण्ड (ग) बमोजिम श्री अच्युतराज पाण्डे, काठमाण्डौलाई मनोनयन गर्ने ।

३१. नेपाली कांग्रेस र सम्माननीय प्रधानमन्त्रीबीच सहमति भई सम्माननीय प्रधानमन्त्रीले व्यवस्थापिका संसदलाई मिति २०६५।९।२३ मा गर्नुभएको सम्बोधन अनुमोदन गर्ने र कार्यान्वयनका लागि सम्बन्धित मन्त्रालयहरुलाई निर्देशन दिने ।

३२. मं.प.बै.सं. ३।०६५ मिति २०६५।२।१५ को मन्त्रिपरिषद्को बैठकबाट स्वीकृत "गणतन्त्रको कार्यान्वयन गर्ने सम्बन्धी प्रस्ताव" मा "नारायणहिटी दरबार परिसर तथा यसभित्र रहेको सम्पूर्ण सम्पदालाई ऐतिहासिक संग्रहालय लगायत राष्ट्रिय हितमा उपयोग गर्न नेपाल सरकारले आवश्यक व्यवस्था मिलाउने" भन्ने निर्णय भएअनुसार उक्त निर्णय कार्यान्वयन गर्ने सम्बन्धमा मिति २०६५ असार १ गते सो संग्रहालय स्थापना गरिएकोमा सोको समर्थन गर्ने ।

*द्रष्टव्यः निर्णयसंग सम्वन्धित अन्य विवरण आवश्यक परेमा सम्वन्धित मन्त्रालयबाटै उपलब्ध हुनेछ ।*